बैठक संख्या -९५

आज मिति २०८१।०२।२१ गतेको दिन यस उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| क स | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री माधवप्रसाद अर्याल | अध्यक्ष | |
| २ | श्री चमेली गुरुङ | उपाध्यक्ष | |
| ३ | श्री मार सिङ तामाङ | वडा अध्यक्ष | |
| ४ | श्री टुकु प्रसाद सुवेदी | वडा अध्यक्ष | |
| ५ | श्री लालबहादुर तामाङ लामा | वडा अध्यक्ष | |
| ६ | श्री अमर बहादुर बुलुन | वडा अध्यक्ष | |
| ७ | श्री यमनाथ आचार्य | वडा अध्यक्ष | |
| ८ | श्री बुटी तामाङ | सदस्य | |
| ९ | श्री ज्ञानु विश्वकर्मा | सदस्य | |
| १० | श्री शान्ती माया तामाङ | सदस्य | |
| ११ | श्री पुतली विश्वकर्मा | सदस्य | पुतली |
| १२ | श्री पुर्ण बहादुर घले | सदस्य | |
| १३ | श्री राम बहादुर विश्वकर्मा | सदस्य | |
| १४ | श्री दिपक प्रसाद अधिकारी | सदस्य सचिव | |

# उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको बैठक निर्णय पुस्तिका

मितिः २०८१।०२।२२

बैठक संख्याः ९५

निर्णयहरूः

१. गाउँकार्यपालिकाको विगतमा भएका निर्णयहरुको समीक्षा गरियो ।

२. उत्तरगया गाउँपालिकाको गाउँसभाको सोह्रौं अधिवेशन मिति २०८१ साल जेठ ३१ गते विहिबार दिनको ११:०० बजे बस्ने गरी आव्हान गर्न सिफारिस गर्ने ।

३. यस आर्थिक वर्षमा धार्मिक तथा साँस्कृतिक कार्यक्रम सञ्चालन, सम्वर्द्धन तथा संस्था सहायता शिर्षकमा विनियोजित रकमबाट वडा नं. ५ को सिफारिसको आधारमा स्वावलम्बन नौमती बाजा समूहलाई आगामी वर्ष तालिम सञ्चालन गर्ने गरी तालिम तथा नियमित प्रयोग प्रयोजनका लागि नौमती बाजा एक सेट खरिद गरी समूहलाई उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने।

४. वडा नं ४ स्थित ढुङ्गे बस्तिको माथिल्लो भागमा रहेको जोखिम अवस्थामा रहेको ढुङ्गा विस्फोटन गरी व्यवस्थापन गर्नको लागि नेपाली सेनाको तर्फबाट करिब ४८ लाखको लागत अनुमान पेश भएकोमा हाललाई प्रदेश सरकारबाट सोही प्रयोजनका लागि प्राप्त रु १०लाख र विपद व्यवस्थापन कोषमा रहेको रकम साथै सोबाट अपुग हुने भएमा गाउँ सभामार्फत बजेट विनियोजन गरी भुक्तानी गर्ने गरी स्रोतको सुनिश्चितता गर्दै कार्यालयलाई उक्त ढुङ्गा विस्फोटन तथा व्यवस्थापन कार्यका लागि आवश्यक प्रकृया अघी बढाउन निर्देशन दिने ।

५. यस कार्यालयमा कार्यरत प्राविधिक सहायक पाँचौं श्री उत्सव पोखरेलले स्वेच्छिक राजीनामा दिई सेवाबाट अवकाश लिनुभएकोमा निजको सेवाअवधीभरको सञ्चित विदा र उपचार खर्चबापतको रकम रु २,५६,३८०/- भुक्तानीको लागि निवेदन पेश गर्नुभएकोमा उक्त रकम भुक्तानीको लागि कार्यालयलाई निर्देशन दिने ।

६. गाउँपालिकाको दुध उत्पादनमा अनुदान कार्यक्रममा आवद्ध हुन आव्हान भएको पत्रानुसार पेश भएको प्रस्तावबाट श्री कालिका बहुउद्देशीय सहकारी संस्थालाई छनौट गर्ने साथै दुध उत्पादन सामाग्री वितरण कार्यक्रममा सामाग्री हस्तान्तरणको लागि सामाग्री खरिद प्रकृयाअन्तर्गत विद्युतीय शिलबन्दी दरभाउ पत्र स्वीकृत भइसकेकाले उक्त सहकारीको प्रस्ताव एवम् प्रतिवद्धता बमोजिम कार्यान्वयन गराउने सुनिस्चितता गर्दै दरभाउपत्रदातासँग सम्झौता गरी सामान खरिद गर्न कार्यालयलाई निर्देशन दिने ।

८१/०२/२२